अनुन्धानबृत्ति आवेदन प्रस्ताव आह्वान

नेपालमा मानवअधिकारको अवस्था सन्तोषजनक छैन । १० बर्षे सशस्त्र युद्धको घाउ अझै आलो नै छ । लोकतन्त्रपछि पनि जनताले स्वतन्त्रपूर्वक जीवन निर्वाह गर्ने अबस्था सिर्जना हुन सकेको छैन । विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान अनुसार विगतका मानवअधिकार उल्लङ्घनका घटनाहरुको बारेमा गर्ने भनिएका सहमति समेत कार्यान्वयन समेत हुन सकेको छैन । विगतमा घटेका मानवअधिकार उल्लंघनका घटनाहरुको सम्बोधन र संलग्नहरुलाई कारबाही नगर्दा दण्डहिनता मौलाएको छ । न त पीडितले न्याय नै पाउन सकेका छन् । यही दण्डहिनताका कारणले कानुनी शासन स्थापित हुन सकेको छैन भने दिनहुजसो मानवअधिकार उल्लंघनका घटना भइरहेका छन् ।

मानवअधिकारको राज्य र कानुनी शासनको प्रबर्द्धनका लागि कार्यरत गैरसरकारी संस्था एड्भोकेसी फोरम नेपालले यिनै बिषयहरुलाई समेटी छापा तथा बिद्युतीय माध्यममा कार्यरत तथा स्वतन्त्र रुपमा पेशामा आवद्ध पत्रकार/संचारकर्मीहरुका लागि अनुसन्धानबृत्ति (Fellowship) कार्यक्रम सार्वजनिक गरेको छ । अनुसन्धानवृत्ति (Fellowship) ४५ दिनको हुनेछ ।

१. ***सशस्त्र द्वन्द्वका क्रममा राज्य र बिद्रोही पक्षबाट बेपत्ता र हत्या गरिएका व्यक्तिहरुको अवस्था, उनीहरुको कानुनी अधिकार र उपचार ।***

२. ***संक्रमणकालिन न्याय र वेपत्ता आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगका विषयमा ।***

३. ***मानवअधिकार उल्लंघनका घटनामा जवाफदेहिता ।***

४. ***मानवअधिकार पीडितहरुका अधिकारका चुनौतीहरु ।***

५. ***मानवअधिकार उल्लंघनका घटनाहरुका दण्डहिनता ।***

माथि उल्लिखित बिषयमध्ये कुनै पनि बिषयमा अनुसन्धानात्मक फिचर/लेख लेख्न इच्छुक सञ्चारकर्मीले तल उल्लिखित फारम भरेर यही २०६८ साल असार २७ गतेभित्र प्रस्ताव पेश गर्नुपर्नेछ । एकजना सञ्चारकर्मीले एकभन्दाबढी बिषयमा प्रस्ताव पेश गर्न सकिनेछ ।

- अनुसन्धानात्मक लेख, फिचर वा रिपोर्ट घटिमा १००० शब्दको हुनुपर्नेछ ।
- प्रेषित लेख/रचना/रिपोर्ट आफ्नै प्रयास र पहलबाट तयार पारिएको हुनुपर्नेछ ।
- सहभागी हुन इच्छुक पत्रकार/संचारकर्मीहरुले माथि उल्लेखित बिषयमा अनुसन्धानात्मक लेख, फिचर तथा रिपोर्ट सम्बन्धित पत्रपत्रिका तथा टेलिभिजनमा आउनुपर्नेछ ।
- छनौट प्रतियोगी पत्रकार/संचारकर्मीलाई अनुसन्धानबृत्ति स्वरुप आर्थिक सहयोग स्वरुप टेलिभिजनमा रु ५,००० र पत्रपत्रिकामा रु. ३००० दिइनेछ ।
- यो अवसर देशैभरीका पत्रकार/सञ्चारकर्मीका लागि खुल्ला गरिएको छ ।

प्रस्ताव पेश गर्ने अन्तिम मितिः असार **३२, २०६८ अर्थात जुलाई १६, २०११ ।**

इमेल ठेगानाः **media@advocacyforum.org.np** मा प्रेसित गर्नुहोला ।

थप जानकारीका लागिः सारिका मिश्र, **४००४००७/८** लाई सम्पर्क गर्नुहोला । *(फारम तल छ ।)*

प्रस्ताव फाराम

१. व्यक्तिगत विवरण

| | |
|---|---|
| नामः<br><br>ठेगानाः<br><br>कार्यरत सञ्चार संस्था/ठेगानाः | मोवाइल नंः<br><br>इमेलः<br><br>फोनः |

२. अनुसन्धानात्मक लेख/रचना विवरण

| |
|---|
| क.कुन बिषयमा लेख्न चाहनुहुन्छ ? र किन? एक अनुच्छेदमा स्पष्ट रुपमा खुलाउनुहोला । |
| ख. सम्बन्धित बिषयमा अहिलेको अवस्था कस्तो छ? (एक अनुच्छेदमा लेख्नुहोला) |
| ग. तपाईले तयार पार्न चाहेको लेख/रचना/रिपोर्टले अहिलेको अवस्थामा कस्तो सुधारको अपेक्षा गर्नुहुन्छ? |
| घ. सम्बन्धित लेख/रचना तयार पार्दा तपाई कुन स्थानमा बसेर तयार पार्नुहुन्छ? कुन कुन स्थानका सूचना तथा जानकारीहरुलाई समेट्नुहुन्छ ? |
| ङ. को-को व्यक्तिसँग भेट्नु हुन्छ? लेख/रचनाका लागि आवश्यक अनुसन्धान सामग्रीहरु कसरी जुटाउनुहुन्छ ? |
| च. उक्त लेख/रचना प्रकाशनको योजनाः कुन सञ्चारमाध्यमबाट ? यसका लागि एड्भोकेसी फोरमको कस्तो सहयोग अपेक्षा राख्नुहुन्छ? |

*माथि उल्लिखित प्रस्ताव फारमको आधारमा रही एड्भोकेसी फोरमको नियम र परिधिभित्र रही निर्धारित अवधिमा लेख/रचना तयार पार्न प्रतिबद्ध छु ।*

नामः सहिः मिती